# आय आर्जनका लागि व्यावसायिक संरचना निर्माणका लागि विद्यालयलाई पूँजिगत अनुदान निर्देशिका, २०७६

प्रदेश सरकार

प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल

**आय आर्जनका लागि व्यावसायिक संरचना निर्माणका लागि विद्यालयलाई पूँजिगत अनुदान निर्देशिका, २०७६**

मा. मन्त्रीज्यूबाट स्वीकृत मितिः-२०७६/०७/२४

**प्रस्तावनाः**

विद्यालयको स्वामित्वमा रहेका जमिन प्रयोग गरेर व्यावसायिक संरचना निर्माण गरी सामुदायिक विद्यालयहरु विशेष गरेर प्राविधिक शिक्षा संचालन गरी रहेका विद्यालयहरुको दीगो आर्थिक उपार्जनको माध्यम तथा व्यवसायिक शिक्षा संचालन भएका विद्यालयहरुमा व्यवसायिक शिक्षाको माध्यमबाट निर्माण/उत्पादन भएका सामग्री वा सेवाको विक्री वितरण गर्न व्यवसायिक संरचना निर्माणका लागि विद्यालयहरुलाई पूँजिगत अनुदान दिने प्रयोजनका लागि सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५ ले देहायको निर्देशिका बनाई जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "आय आर्जनका लागि व्यावसायिक संरचना निर्माणका लागि विद्यालयलाई पूँजिगत अनुदान निर्देशिका, २०७६" रहेको छ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "प्रदेश" भन्नाले प्रदेश नं. ५ लाई सम्झनुपर्दछ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्दछ।

(ग) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय, प्रदेश नं. ५ लाई सम्झनुपर्दछ।

(घ) "सामुदायिक विद्यालय" भन्नाले समुदायद्वारा स्थापना भएका अनुमति तथा स्वीकृत विद्यालयहरु सम्झनुपर्दछ।

(च) "मूल्याङ्कन समिति" भन्नाले दफा ४ बमोजिमको समितिलाई सम्झनुपर्छ।

(छ) "निर्देशिका" भन्नाले आय आर्जनका लागि व्यावसायिक संरचना निर्माणका लागि विद्यालयलाई पूँजिगत अनुदान निर्देशिका, २०७६" लाई सम्झनुपर्दछ।

(ज) "प्राविधिक विद्यालय" भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म नेपाल सरकारको प्राविधिक शिक्षा वा व्यवसायिक तथा तालिम परिषदबाट अनुमति लिई संचालन भएका कार्यक्रमहरु संचालन गर्ने विद्यालयहरुलाई समेत सम्झनुपर्दछ।

**३. उद्देश्यः** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेका छन्।

(क) सामुदायिक विद्यालयहरुको आयआर्जन बृद्धि गर्न भौतिक निर्माणमा सहयोग पुराउने,

(ख) व्यवसायिक सोंच तथा संरचनाहरुको विकास गर्ने,

(ग) प्राविधिक विद्यालयहरुमा आयआर्जनका स्रोतहरु पत्ता लगाई समुचित प्रयोग गर्ने,

(घ) विद्यालयमा संचालन भैरहेका प्राविधिक शिक्षालाई आयआर्जनसँग जोड्ने।

४. **<u>प्रस्ताव आव्ह्यवान सम्बन्धी व्यवस्थाः</u>** (१) आय आर्जनका लागि व्यावसायिक संरचना निर्माणका लागि विद्यालयलाई पूँजिगत अनुदान प्रदान गर्नु भन्दा पहिले निर्देशनालयले प्राविधिक शिक्षा प्रदान गरिरहेका विद्यालयहरुबाट प्रस्ताव पेश गर्नका लागि कम्तीमा १५ दिनको सार्वजनिक सुचना प्रकाशन गर्नेछ ।

(२) विद्यालयले कम्तिमा ३ वर्षे व्यवसायिक संरचनाको निर्माणबाट हुने सेवा विवरण खुल्ने गरी आयआर्जन कार्ययोजना तयार गर्नुपर्नेछ ।

(३) विद्यालयहरुले पेश गर्ने प्रस्तावको ढाँचा अनुसूची १ मा उल्लेख भए बमोजिम हुनु पर्नेछ।

(४) उक्त प्रस्तावमा प्रस्तावित सहयोग रकमको आवश्यकता र कार्यान्वयनको औचित्यता प्रष्टसँग उल्लेख गरेको हुनु पर्नेछ ।

(५) आयआर्जनको संरचनाबाट वालवालिकाहरुलाई शिक्षण सिकाइ तथा स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने खालको हुनुपर्नेछ।

(६) आयआर्जनको संरचना निर्माण गर्न प्राप्त सहयोग रकममा सम्बन्धित विद्यालयको न्यूनतम २०% लागत साझेदारी गर्ने प्रतिबद्धता हुनु पर्नेछ ।

(७) विद्यालयले नियमित रुपमा सामाजिक परीक्षण तथा लेखा परीक्षण गराएको हुनुपर्नेछ ।

(८) विद्यालयमा प्रचलित कानून बमोजिम विद्यालय व्यवस्थापन समिति गठन भएको हुनुपर्दछ ।

५. **<u>मूल्याङ्कन समितिः</u>** (१) यस निर्देशिका बमोजिम आय आर्जनका लागि व्यावसायिक संरचना निर्माणका लागि विद्यालयलाई पूँजिगत अनुदानको सहयोग रकम निर्धारण, विद्यालयको छनौट मूल्याङ्कनको लागि देहाय बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

| | |
|---|---|
| निर्देशक शिक्षा विकास निर्देशनालय | संयोजक |
| अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| अधिकृत प्रतिनिधि, सामाजिक विकास मन्त्रालय | सदस्य |
| लेखा अधिकृत, शिक्षा विकास निर्देशनालय | सदस्य |
| उप निर्देशक, शिक्षा विकास निर्देशनालय | सदस्य-सचिव |

(२) समितिले आवश्यकतानुसार बैठकमा एक पटकमा बढीमा ३ जना अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(३) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(५) समितिका पदाधिकारीले प्रदेश सरकारले निर्धारण गरेको खर्च मापदन्ड अनुसार बैठक भत्ता पाउनेछन्।

६. **<u>मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकार</u>**ः (१) विद्यालयहरुबाट सहयोगका लागि परेका आवेदन उपर मूल्याङ्कन गरी विद्यालय छनौट तथा अनुदान रकम निर्धारण गर्ने ।

(२) कार्यक्रम संचालनमा अनुगमन मूल्याङ्कन गर्ने वा गर्न लगाउने ।

(३) समितिले विद्यालयको छनौट गर्दा सबै भौगोलिक क्षेत्रलाई समेट्नु पर्नेछ।

(४) समितिले विद्यालय छनौट गर्दा भौगोलिक विकटता, पिछडिएको क्षेत्रलाई प्राथमिकता दिनुपर्नेछ।

(५) यस निर्देशिकाको अधीनमा रही विद्यालय छनौटका अन्य आधारहरु समितिले निर्धारण गर्नेछ।

(६) बैठक भत्ता प्रदेश सरकारको खर्च मापदण्ड अनुसार हुनेछ ।

७. **<u>सर्तसम्बन्धी व्यवस्थाः</u>** (१) सहयोग रकम प्राप्त गर्ने विद्यालयले दफा १२ मा उल्लेखित क्षेत्रहरुमा मात्र सहयोग रकम खर्च गर्नु पर्नेछ ।

(२) खर्च गर्दा प्रचलित कानुनको परिधिमा रही खर्च गर्नु पर्नेछ ।

(३) कार्यक्रम कार्यान्वयन सन्दर्भमा हुने प्रगतिका आधारमा सहयोग रकम दुई वा तीन किस्तामा निकाशा गरिने छ ।

(४) विद्यालयले आफ्नो तर्फबाट खर्च गर्ने कम्तिमा २० प्रतिसत रकमको स्पष्ट प्रमाण पेश गर्नुपर्नेछ ।

८. **<u>अनुगमनः</u>** कार्यक्रमको अनुगगमन निर्देशनालयबाट हुनेछ र मन्त्रालयले कार्यक्रमको प्रगति तथा नतीजा अनुगमन गर्नेछ ।

९. **<u>जाँचपास र फरफारकः</u>** सन्चालित कार्यक्रमको जाँचपास तथा फराफारकको कार्य निर्देशनालयले गर्नेछ।

१०. **<u>सरकारी बाँकी सरह असूल उपर हुनेः</u>** यस कार्यक्रमबाट प्राप्त अनुदान हिनामिना भएमा वा तोकिएको गुणस्तर अनुरुप नभएमा कार्यक्रम कार्यन्वयनमा संलग्न विद्यालयका जिम्मेवार पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरी कार्यवाहिका लागि मन्त्रालयले अख्तियार प्राप्त निकायमा लेखि पठाउने छ र त्यस्तो विद्दालयलाई कालो सूचिमा समावेश गर्नु पर्नेछ।

११. **<u>सार्वजनिक परीक्षणः</u>** (१) यस निर्देशिका बमोजिम कार्यक्रम सम्पन्न भएपछि जिम्मेवार समिति वा अधिकारीले समितिका पदाधिकारीहरु, स्थानीय तहका प्रतिनिधिहरु, शिक्षक, अभिभावक, विद्यार्थी तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सन्चलान भएको स्थानमा भेला गराइ कार्यक्रमको आम्दानी- खर्च, कार्यक्रमबाट निर्मित संरचना र खरिद भएका भौतिक वस्तुको सार्वजनीकरण गर्नु पर्नेछ।

(२) सार्वजनिक परीक्षणको प्रतिवेदन प्राप्त भएपछि मात्र अन्तिम किस्ता रकम भुक्तानी गर्न सकिनेछ।

१२. **खर्च क्षेत्रः** (१)यस कार्यक्रमबाट प्राप्त रकम विद्यालयको स्वामित्वमा रहेको जमिन प्रयोग गरेर व्यावसायिक संरचना निर्माण गरी सामुदायिक विद्यालयहरु विशेष गरेर प्राविधिक शिक्षा संचालन गरी रहेका विद्यालयहरुको दीगो आर्थिक उपार्जनको माध्यम तथा व्यवसायिक शिक्षा संचालन भएका विद्यालयहरुमा व्यवसायिक शिक्षाको माध्यमबाट निर्माण/उत्पादन भएका सामग्री वा सेवाको बिक्री वितरण गर्न व्यवसायिक संरचना निर्माणका लागि मात्र खर्च गर्न सकिनेछ।

१३. **प्रचलित कानुन बमोजिम हुनेः** यस निर्देशिकामा उल्लेखित भएको विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१४. **लागत अनुमानः** कार्यक्रमको लागत अनुमान प्रचलित कानून अनुसार मान्यता प्राप्त पाविधिकबाट तयार भएको हुनु पर्नेछ।

१५. **भवन संहिता तथा भवन निर्माण मापदन्ड पालनः** यस कार्यक्रमबाट भौतिक संरचना निर्माण गर्दा राष्ट्रिय भवन संहिता तथा भवन निर्माण सम्बन्धी तथा भवन निर्माण सम्बन्धी आदारभूत मापदन्ड पालना गर्नु पर्नेछ।

१६. **संशोधनः** मन्त्रालयले आवश्यकतानुसार यो निर्देशिका संशोधन गर्न सक्नेछ।

अनुसूची १

श्री शिक्षा विकास निर्देशनालय

प्रदेश नं ५

**विषयः** प्रस्ताव पेश गरेको बारे।

प्रस्तुत विषयमा त्यस निर्देशनालयको मिति २०७६-------- को सूचना अनुसार निम्नानुसारको विवरण सहित आयआर्जनका लागि व्यवसायिक संरचना निर्माणको प्रस्ताव पेश गर्दछु।

<u>तपसिल</u>

**१.** विद्यालय विवरणः

   १. विद्यालयको नामः

   २. ठेगानाः

   ३. फोन नः

   ४. ईमेलः

**२.** प्राविधिक धार संचालन भएको शैक्षिक सत्र र धारको नामः

**३.** कक्षागत विद्यार्थी संख्याः

**४.** विद्यालय सेवा क्षेत्रको विवरणः

**५.** विद्यालयले बनाउन चाहेको व्यवसायिक संरचनाको विवरणः

   १. लागत अनुमान रकम

   २. संरचनाको विवरणः

**६.** विद्यार्थीहरुलाई हुने सहयोग तथा फाइदाः

**७.** लागत सहभागिता

   १. विद्यालयले बेहोर्ने रकमः

   २. प्रदेससंग माग गरिएको रकमः

   ३. अन्य निकायबाट माग गरिएको रकम

   ४. कूल रकम

**८.** अन्य केही भएः